कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित
(शेयरमा सिमित दायित्व भएको)

# बुद्धभुमि नेपाल हाईड्रोपावर कम्पनी लिमिटेड

का.म.न.पा. वडा नं.३, पानीपोखरी, माहाराजगंज काठमाण्डौ
फोन नं. : ०१४००३०७० फ्याक्स नं. : ०१४००३०७०
Email: lowertadi@gmail.com Website: www. buddhabhumihydro.com

**(कम्पनी ऐन २०६३ को दफा २३ को उपदफा (१) र धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३०, धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ अन्तर्गत प्रकाशित)**

यस कम्पनीको जारी पुँजी ४०,००,००,०००।- (चालिस करोड) रकम वरावरको प्रति साधारण शेयर रु १००।- अंकित दरका ३० प्रतिशत शेयर सार्वजनिक निष्कासनको निमित्त छुट्टयाएको रु.१२,००,००,०००/-(बाह्र करोड) रकम बराबरको प्रति शेयर रु.१००/- अंकित मूल्यको १२,००,००० कित्ता साधारण शेयर मध्ये आयोजना प्रभावित क्षेत्र नुवाकोट जिल्लाका बासिन्दाहरुको निमित्त जारी पुँजीको १० प्रतिशतले हुने ४,००,००० कित्ता शेयर तथा सर्वसाधारणको लागि जारी पूँजीको २० प्रतिशतले हुने ८,००,००० कित्ता गरी कूल १२,००,००० कित्ता मध्ये यस बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनीका कर्मचारीहरुको लागी (१६,००० कित्ता) २ प्रतिशत र सामुहिक लगानी कोषहरुका लागि (४०,००० कित्ता) ५ प्रतिशत छुट्टयाई निष्कासन गरिएको छ।

(**दरखास्तसाथ प्रतिशेयर रु.१००/-को दरले (शत प्रतिशत भुक्तानी माग गरीएको)**

**नेटवर्थ सम्वन्धी विवरण**

| विवरण | वास्तविक | | | अपरिष्कृत २०७७/०७८ अषाढ मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| प्रतिशेयर आम्दानी | (१.७४) | (३.०१) | (१.५२) | (१२.५६) | १६.२३ | १८.४९ | २०.७५ |
| प्रतिशेयर नेटवर्थ | ८४.४३ | ८४.८९ | ८४.०५ | ७१.४९ | ९५.३२ | ११३.८२ | १२३.५२ |
| संचित नाफा/ नोक्सान | (३,७८७,१९७.०५) | (८,४३९,७१०.९२) | (४,४६६,६२९.००) | (३६,८३२,९०५.००) | ६४,९०९,१६०.०० | ७३,९७८,२२०.०० | ८३,००७,८४२.०० |

**प्रतिमेगावाट लागत सम्वन्धी विवरण**

संगठित संस्थाको आ.व.२०७६/०७७ लेखापरीक्षण भएको वित्तिय विवरण अनुसार प्रतिमेगावाट लागत **२३।८ करोड** रहेको छ।

**विद्युत उत्पादनको वाँकी अवधि सम्वन्धी विवरण**

अनुमतिपत्र वहाल रहने अवधि मिति **२१०४।१२।२६** सम्म रहेकोले **अव २६ वर्ष २ महिना** वाँकी रहेको छ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धी व्यवस्था**

**लगानी फिर्ता हुने अवधि( Pay Back Period ) ५.४९ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period ) ८.५८ वर्ष** रहेको छ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको पृष्ठ १३.दफा ३.८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्कासनका लागि तयार गरिएको हो। यस विवरणपत्रलाई धितोपत्रसम्बन्धी कानूनबमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्कासनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

यस कम्पनीले जारी गर्न लागेको प्राथमिक निष्कासनलाई इक्रा नेपाल लिमिटेडले कमजोर आधारहरु **(Moderate risk of default regarding timely servicing of financial obligations.)** जनाउने **[ICRANP-IR] BB-** ग्रेडिङ्ग प्रदान गरेको छ। सो सम्वन्धी विवरण यस विवरण पत्रको दफा ३.२२(ठ) मा उल्लेख गरीएको छ

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०२०/०८/२४** **क्रेडिट रेटिङ्ग ग्रेड बाहल रहने मिति : २०२१/०८/२३**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

**नेपाल धितोपत्र वोर्डवाट विवरण-पत्र स्विकृती भएको मिति :२०७८/०४/१४**
**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति :२०७८/०४/१८**
**शेयर निष्कासन खुल्ला हुने मिति : २०७८/०४/३२**
**शेयर निष्कासन बन्द हुने (छिटोमा) मिति: २०७८/०५/१४**
**शेयर निष्कासन बन्द हुने (ढिलोमा) मिति: ०७८/०५/२९**

***धितोपत्र निष्कासक तथा बिक्रि प्रबन्धक :***

सिभिल क्यापिटल मार्केट लि.
Civil Capital Market Ltd.
Estd. 2008
Civil Capital Market Ltd.
6th Floor, CTC Mall, Sundhara, Kathmandu
Tel. 4262303, 4261251
Email : ccm@civilcapital.com.np
website : www.civilcapitalmarket.com.np
A subsidiary of CIVIL BANK LTD.

## ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ।

ख) **"धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक"** भन्नाले सिभिल क्यापिटल मार्केट लिमिटेड लाई सम्झनु पर्दछ।

ग) **"कम्पनी वा संगठित संस्था"** भन्नाले निष्कासनकर्ता कम्पनी बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडलाई सम्झनु पर्दछ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्कासनका लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

ङ) **"निष्कासन बैंक"** भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंकलाई सम्झनु पर्दछ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन"** भन्नाले बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापनलाई सम्झनु पर्दछ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

झ) **"स्थानियवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात नुवाकोट जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउनेछ।

त्र) **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले तल्लो ताँदी खोला जलविद्युत आयोजना निर्माण भएको नुवाकोट जिल्ला अन्तर्गतका सम्पुर्ण नगरपालिका तथा गाँउपालिकाहरुलाई जनाउनेछ।

## ख.२ विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

### विवरणपत्र पाइने स्थानहरु :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | सिभिल क्यापिटल मार्केट लिमिटेड, काठमाडौं र वेवसाइट : www.civilcapitalmarket.com. |
| २. | बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, काठमाडौं र वेवसाइट:www. buddhabhumihydro.com |
| ३ | नेपाल धितोपत्र बोर्ड । वेभसाइटः www.sebon.gov.np |

### दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

**सर्वसाधारणको हकमा**

नेपाल धितोपत्र वोर्डवाट अनुमती प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।

| सि.नं. | आयोजना प्रभावित क्षेत्र नुवाकोट जिल्लाका बासिन्दाहरुको हकमा : |
|---|---|
| १. | ज्योति बिकास बैंक लिमिटेड (शाखा कार्यालय : बट्टार, छहरे, देउराली, रानी पौवा, महादेभफाँट, सामरी, समुन्द्रटार, त्रिशुली नुवाकोट, गल्छी धादिङ) |
| २ | प्रभु बैंक लिमिटेड, (शाखा कार्यालय : बट्टार, महादेभफाँट नुवाकोट) |
| ३ | सिभिल बैंक लिमिटेड (शाखा कार्यालय : ककनी एक्सटेन्सन काउन्टर, टोखा, चावहिल, गोङगबु, स्वयम्भु, कपन तथा मुख्य शाखा) |

साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियबासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्नेछन। आयोजना प्रभावित क्षेत्र नुवाकोट जिल्लाका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नकालागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ। आयोजना प्रभावित क्षेत्र नुवाकोट जिल्लाका बासिन्दाकालागि दरखास्त फाराम बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको वेभसाइट https://buddhabhumihydro.com तथा सिभिल क्यापिटल मार्केट लिमिटेडको वेभसाइट www.civilcapitalmarket.com.बाट समेत डाउनलोड गर्न सकिन्छ।

**ग.१ धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषणः**

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानीसम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं।

**ग.२ संगठित संस्थाको उद्घोषण :**

**ग.२.१ संचालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरूका साथै निष्कासन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरू व्यक्तिगत वा सामूहिकरूपमा जवाफदेहीता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छौं र लगानीकर्ताहरूलाई लगानीसम्बन्धी सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं।

**ग.२.२ संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ।

**ग.२.३ नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो व्यवसायसँग सम्बन्धीत नियमन निकायको सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरु पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र वोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं।

कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व.२०७६/०७७ सम्मका विवरणहरु पेश गरी कम्पनी अद्यावधिक गरीएको छ।

**ग.२.४ संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस कम्पनीको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन्।

(२) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन्।

(३) सार्वजनिक निष्कासन मार्फत् सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन्।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन्।

(५) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन्।

## ग.३ संगठित संस्था सम्वन्धि जानकारी:

### ग.३. क संगठित संस्थाको पृष्ठभूमी:

अ) **कम्पनीको नाम :-** यस कम्पनीको नाम बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड रहेको छ।

आ) **कम्पनी कुन ऐन अन्तर्गत स्थापना भएको सो कुरा** :- यो कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भएको कम्पनी हो ।

इ) **रजिष्टर्ड कार्यालय :-** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा.नं ३, पानीपोखरी, महाराजगञ्जमा रहेको छ । आवश्यकता अनुसार स्वीकृत लिई अन्य ठाँउमा पनि शाखा तथा बिद्युत आयोजनाहरु सञ्चालन गर्न सकिनेछ।

ई) **कारोवार गर्ने मुख्य स्थान :-** कम्पनीको जल विद्युत उत्पादन केन्द्र नुवाकोट जिल्लाको दुप्चेश्वर गाँउपालिका (साबिकका समुन्द्रटार, सुन्दरादेवी, बालकुमारी र थाप्रेक गा.वि.स) मा रहेको छ।

उ) **कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र कम्पनीको मुख्य उदेश्यहरु:-**

१. बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०७४ साल श्रावण ३१ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भै मिति २०७४ साल श्रावण ३१ गते देखि पब्लीक लिमिटेड कम्पनीमा परिणत भै कम्पनी ऐन २०६३ र विद्युत ऐन २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ।

२. कम्पनीको प्रवन्धपत्र र नियमावली अनुसार जारी पूँजीको १०% शेयर उद्योग प्रभावित क्षेत्र ( आयोजना प्रभावित नुवाकोट जिल्ला) का बासिन्दाहरुलाई र जारी पूँजीको २०% शेयर सर्वसाधारणका लागि निष्कासन तथा बितरण गरिने ब्यवस्था छ।

३. कम्पनीमा हाल २६ जना संस्थापक शेयरधनीहरु रहनु भएको छ । कम्पनीको प्रबन्धपत्रको दफा ६(ङ)(२) अनुसार जारी पूँजीको ७०% प्रतिशत संस्थापक शेयरधनीबाट (क समुह) लगानी गर्ने र बाँकी ३०% प्रतिशत सर्वसाधारणलाई (ख समुह) शेयर विक्री गरी पूँजी उठाउने व्यवस्था रहेको छ।

४. कम्पनीले भविष्यमा अन्य आयोजनाहरु पनि निर्माण गर्ने उदेश्य लिएको छ।

५. कम्पनीले तल्लो ताँदी खोला जलविद्युत आयोजना निर्माण, उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार उर्जा मन्त्रालय (तत्कालीन जलस्रोत मन्त्रालय) बाट मिति वि.सं. २०६९/१२/२७ गते प्राप्त गरेको हो र उक्त अनुमतिपत्र वि.सं. २१०४/१२/२६ गतेसम्म वहाल रहनेछ।

६. कम्पनीले तल्लो ताँदी खोलाको पानीबाट ४.९९३ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप कार्य अघि बढिरहेको छ । कम्पनीको कुल लागत १,१९,००,००,०००.०० रहेको र प्रतिमेगावाट लागत २३।८ करोड रहेको छ।

७. आयोजनाको साधारण लगानी फिर्ता हुने अवधी (Normal Payback period) ५।४९ वर्ष रहेको छ र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी (Discounted Payback period ) ८।५८ वर्ष रहेको छ।

८. कम्पनीबाट उत्पादन गरिएको सवै विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७० साल चैत्र १० गते विद्युत खरिद विक्री सम्झौता सम्पन्न भइसकेको छ।

९. **कम्पनीको हालको अवस्था :**

**विद्युत परियोजनाको नाम:** तल्लो ताँदी खोला जलविद्युत आयोजना

**विद्युत गृह स्थल** : नुवाकोट जिल्लाको सदरमुकाम बिदुर बाट २६ कि.मी. को पुर्वमा तथा खरानीटार बजार बाट ५ किलो मिटरको दुरीमा अवस्थित रहेको छ । आयोजनाको मुख्य संरचनामा हेडवर्क्स दुप्चेश्वर गाउं पालिका को वडा नं ५ र ६ मा तथा आयोजनाको पावर हावर पंचकन्या गाउंपालिका वडा नं ०४ नौटारीमा पर्दछ।

**श्रोत नदी** : ताँदी तथा चाक्के खोला पानी ।

**आयोनाको किसिम** : रन अफ रिभर

**विद्युत उत्पादन अनुमति प्राप्त मिति** : २०६९/१२/२७

**विद्युत उत्पादन अनुमति वहाल रहने मिति :** २१०४/१२/२६
**जडित क्षमता :** ४.९९३ मे.वा
**आयोजनाको कुल लागत :** रु. १,१९०,०००,००० एक अर्व उन्नाईस करोड मात्र
**आयोजनाको प्रति मेगावाट लागत :** रु. २३.८ करोड मात्र ।
**आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि :**५.४९ वर्ष
**आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि :** ८.५८ वर्ष
**RCOD मिति :** अक्टोवर ०१, २०२१ (आश्विन १५, २०७८)

**आयोजनाको विभिन्न कार्यहरुको प्रगति विवरण :**

| सि.नं. | विवरण | कार्य प्रगति | प्रगति विवरण प्रतिशतमा |
|---|---|---|---|
| **१** | **आधारभूत निर्माण कार्य** | | |
| | प्रवेश माग | सम्पन्न भई सकेको | १००% |
| | सिभिल संरचना | निर्माण अन्तिम चरणमा रहेको | ९८% |
| **२** | **सभिल कार्यहरु** | | |
| | हेड कार्यहरु | सम्पन्न । | १००% |
| | पेनस्टक र पावर हाउसका कार्यहरु | निर्माण सम्पन्नको अन्तिम चरणमा। | ९५% |
| | क्रेन स्थापित र फ्रेम संरचनाका कार्यहरु | सम्पन्न । | १००% |
| **३** | **भूमिगत टनेल कार्यहरु** | | |
| | टनेल | नभएको | |
| | हेडरेस टनेल | नभएको | |
| **४** | **हाइड्रो मेकानिकल काय** | | |
| | हेड वर्कस् | सम्पन्न भएको । | १००% |
| | एबि देखि पावर हाउस | १००% निर्माण सम्पन्न र वाइफर्केशन कार्य सम्पन्न । | १००% |
| | हडेरेस पाइप | बेल मुख देखि इन्टेल टनेल १००% जडान सम्पन्न । | १००% |
| | र्सज साफ्ट् | निर्माण अन्तिम चरणमा रहेको | ९५% |
| **५** | **इलेक्ट्रोमेकानिकल कार्य** | | |
| | मेशिन तथा उपकरण उपलब्धि तथा डेलिभरी | ८५ % सम्पन्न | ८५% |
| | मेशिन तथा उपकरण जडान | ७० % कार्य सम्पन्न | ७०% |
| | केन जडान | सम्पन्न | १००% |
| **६** | **वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धित र विविध कार्यहरु** | वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धित र सामाजिक कार्यहरु आवश्यकता अनुसार भइरहेको । | |
| **७** | **प्रसारण लाइन कार्य** | यस कार्यका लागि MS Rohana Construction, Nuwakot , Kharanitar सँग मिति २०२०-०२-०३ मा ठेक्का सम्झौता भई मिति २०२०-०४-१५ मा कार्य शुरु भएको छ । यस अन्तर्गत विद्युतगृहको स्वीचयार्ड देखि नेपाल विद्युत प्राधिकरणको समुन्द्रटार १३२ केभिए सबस्टेसन सम्मको लगभग ३ कि मि.प्रसारण लाइन र सो सँग सम्बन्धित उपकरणहरूको डिजाइन, निर्माण, सप्लाई, परीक्षण र कमिसनिङ्ग कार्यहरू पर्दछ । | ९५% |

समग्रमा आयोजनाको कार्य प्रगति ९५+ प्रतिशत सम्पन्न भइसकेको ।

**कम्पनी र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन्।**

१. बिधुत खरिद बिक्रि संझौता दुबै पक्षले हस्ताक्षर गरेको मिति देखि लागु भई आयोजना वाट व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date ले ३० बर्ष वा बिधुत उत्पादन अनुमति पत्रको अबढी मध्ये जुन घटि छ सो समय सम्म कायम रहनेछ।

२. संझौता अबधि समाप्त हुनु ६ महिना अघि देखी छलफल शुरु गरी दुबै पक्षको सहमतिमा संझौता अबधि थप गर्न सकिनेछ ।

३. आयोजना परिक्षण तथा कमिशनिंग गर्ने कार्यमा आवश्यकता अनुसार प्राधिकरणले गर्न सहयोग कंपनीले गर्ने छ। यसरी सहयोग गर्दा प्राधिकरणको तर्फबाट खटिने कर्मचारी भत्ता सुबिधको व्यबस्ता कंपनीले गर्नेछ् ।

४. आयोजनाको परिक्षण उत्पादनको क्रममा प्राधिकरणले प्राप्त गर्ने बिधुत उर्जा बापत प्राधिकरणले कंपनीलाई कुनै रकम भुक्तानी दिनु पर्ने छैन ।

५. आयोजना परिक्षण तथा कमिशनिंग गर्ने कार्यमा आवश्यकता अनुसार प्राधिकरणले गर्न सहयोग कंपनीले गर्ने छ। यसरी सहयोग गर्दा प्राधिकरणको तर्फबाट खटिने कर्मचारी भत्ता सुबिधाको व्यबस्था कंपनीले गर्नेछ्

६. आयोजनाको परिक्षण उत्पादनको क्रममा प्राधिकरणले प्राप्त गर्ने बिधुत उर्जा बापत प्राधिकरणले कंपनीलाई कुनै रकम भुक्तानी दिनु पर्ने छैन ।

७. कंपनीले व्यापारीक उत्पादन शुरु भएको मितिबाट ६ महिना भित्र आयोजना संबन्धी यथार्थ नक्साहरु प्राधिकरणलाई उपलब्ध गराउने छ।

८. काबु बाहिरको परिस्थितिमा बाहेक अन्य अबस्थामा प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि प्रत्येक महिना आयोजना वाट उत्पादन हुने Availability Declaration अनुसार कन्ट्रायाक्ट ईनर्जी परिमाण सम्मको उर्जा खरिद गर्नु पर्नेछ।

९. काबु बाहिरको परिस्थि उत्पन्न भएमा खरिद गर्नु पर्ने उर्जाको हिसाब समानुपातिक आधारमा निर्धारण गरिनेछ।

१०. कंपनीले पनि आयोजनाबाट उत्पादित बिधुत शक्ति डेलिभरी प्वाईण्टसम्म पुर्याउने व्यबस्था मिलाउनु पर्नेछ।

११. कंपनिले हरेक महिनाको लागी उपलब्ध हुने बिधुत शक्ति तथा उर्जा खुलाई तोकिएको ढाँचामा भरि सो महिना शुरु हुनु कम्तिमा ३० दिन अगाडी प्राधिकरणले तोकिएको निकाय समक्ष पेश गर्ने छ। यसरी Availability Declaration गरि सकेपछि जलवायू को कारणले Declaration गरेको बिधुत उर्जामा थपघट हुने देखिएमा कन्ट्रयाक्ट महिना शुरु हुनु कमतिमा ७ दिन अगाडी संसोधित Availability Declaration पेश गर्न सक्ने छ। प्राधिकरणले पछिल्लो संसोधित Availability Declaration लाई मन्यता दिने छ। यसरी Availability Declaration पेश नभएमा अनुसुची ०२ अनुसार भएको मानिनेछ।

१२. Availability Declaration को आधारमा हुन आउने मासिक उर्जा कन्ट्रायक्ट ईनर्जीको क्रमश ६० र ९० प्रतिशत भन्दा घटी हुने गरि Availability Declaration गर्न पाइने छैन।

१३. मिटरहरु तथा सि.टी, पि.टी हरको स्पेशिफिकेशन प्राधिकरणले तोके अनुसार हुने छ।

१४. प्रत्येक महिनाको पहिलो दिन दिनको १२:०० बजे दुपै पक्षको रोहबरमा मेन तथा चेक मिटरको मिटर रिडिंग गरि तोकिएको ढाँचामा मिटर रिडिंग बिबरण तयार गरिने छ र सोहि आधारमा उक्त महिनाको बिधुत उर्जाको बिक्रको परिमाण निर्धाण गरिनेछ तर यसरि बिक्रिको परिमाण निर्धारण गर्दा अतिरिक्त उर्जा खरिद गर्नको लागी प्राधिरणले आदेश जारी नगरेको अबस्थामा अनुसुची ०२ को Column E1 मा उल्लेख भए अनुसारको क्षमता भन्दा बढि क्षमता उत्पादन भएको उर्जा कट्टा गरि हिसाब गरिनेछ।

१५. कुनै पनि महिना मेन र चेक मिटरले देखाउने उर्जामा ०.२ प्रतिशत भन्दा बढि ०.५ प्रतिशत सम्म भिन्नता देखिएमा दुबै मिटरको औशतको आधारणमा बिलिंग हुनेछ र यथा सिघ्र प्राधिकरणको मिटर टेष्टिंग ल्याब अथवा दुबै पक्षलाई मान्य स्वदेशि अथवा बिदेशि प्रयोग सालाले निर्धारण गरे बमोजिम सो महिनको बिलिंग समयायोजन हुनेछ। तर ०.२ प्रतिशत सम्मको फरक हुंदाको अवश्थामा मेन मिटरले देखाउने बिधुत उर्जाको आधारमा बलिंग हुनेछ। कथं कदाचित दुबै मिटरले देखाउने उर्जामा ०।५ प्रतिधत भन्दा बढि भिन्नता भएमा वा दुबै मिटर एकै समयमा खराव भएको मिटर कंपनीले ३ महिना भित्र प्रतिस्थापन गर्नु पर्ने छ।

१६. प्राधिकरणले व्यापारीक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कंपनीले आयोजना बाट उत्पादन गरि उपलब्ध गराएको कन्ट्रायक्ट ईनर्जीको परिमाण सम्मको उर्जा खरिद बापत बर्षा याममा प्रति कि.वा. घण्टा रु. ४।८० र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८।४० बिधुत खरिद दरले हुने आउने रकम कंपनी वा दफा ३४ अनुसारको अगुवा बैंख वा बितिय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मिति बाट एक बर्ष पुगेको महिनाको लगत्ते पछिको महिनादेखि लागु हुने गरि प्रत्येक बर्षको लागी ३ प्रतिशतका दरले ५ पटक सम्म मुल्य बृद्धि दिई निम्ना तालिका अनुसार बिधुत उर्जा खरिड दर कामय गरिएको छ।

| **अवधी (व्यापारीक उत्पादन शुरु हुने मिति COD कायम भएको महिना लगत्तै पछिको महिनालाए पहिलो महिना मानी अवधि गणना हुने गरि** | **सुख्खा याम (पौष देखि चैत्र सम्म) रु.प्रति युनिट** | **वर्षा याम (बैशाख देखि मार्ग सम्म रु. प्रति युनिट)** |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३औं महिना देखि २४औं महिना सम्म | ८।६५ | ४।९४ |
| २५औं महिना देखि ३६औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७औं महिना देखि ४८औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९औं महिना देखि ६०औं महिना सम्म | ९।४१ | ५।३८ |
| ६१औं महिना देखि सम्झौता अवधि सम्म | ९।६६ | ५।५२ |

माथि जेसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनु पर्ने मितिको तुलनामा व्यापारीक उत्पादन सुरु हुने मिति ढिला हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार बार्षिक मुल्य बृद्धि दिई कायम गरिनेछ ।

क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिला हुन गएमा जम्मा ४ वटा मात्र मुल्य बृद्धि दिईनेछ ।

ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिला हुन गएमा जम्म ३ वटा मात्र मुल्य बृद्धि दिइनेछ ।

ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिला हुन गएमा जम्मा २ वटा मात्र मुल्य बृद्धि दिइनेछ ।

घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिला हुन गएमा जम्मा १ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।

ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी हुन गएमा मुल्य बृद्धि दिईने छैन।

१७. प्राधिकरणले Dispatch Instruction जारि गरि अतिरिक्त उर्जा खरिद गरेमा सोको हकमा दफा १२.१ अनुसारको खरिद दरको ५० प्रतिशत दरमा कम्पनीले बिलिंग गर्ने र प्राधिकरणले भुक्तानी गर्ने छ ।

१८. कम्पनीले प्रत्येक महिनामा अघिल्लो महिनामा उपलब्ध गराएको दफा ११ बमोजिमको बिद्युत उर्जा र त्यस बापतको बिद्युत महशुल समेत उल्लेख भएको बिल तोकिएको ढाँचामा प्राधिकारण समक्ष पेश गर्ने छ प्राधिकरणले बिल प्राप्त भएको ४५ दिन भित्र सो बिलको भुक्तानी गर्नु पर्नेछ । उक्त समय भित्र प्राधिकरणले बिल बमोजिमको महशुल भुक्तान नगरेमा सो रकमको बार्षिक ६ प्रतिशत का दरले हुने ब्याज रकम समेत भुक्तानी दिनु पर्नेछ। कम्पनीले पठाएको बिलमा कुनै विवाद उत्पन्न भएमाल वा बिलमा उल्लेखित रमक प्राधिकरणलाई मान्य नभएमा प्राधिकरणले त्यसरी मान्य नभएको रकमको सम्बन्धमा कारण सहित सुचना दिई बिबादित रकमका सम्बन्धमा कम्पनीले बिल पेश गरेको मितिले बढीमा ९० दिन भित्र दुवै पक्ष बसि आपसि सहमतिबाट बिबादको समाधान गरिनेछ ।

१९. व्यापारिक उत्पादन शुरु भएको मितिले ३ महिना भित्र कम्पनीले आयोजनाको देहाय बमोजिमको बिमा गर्नु पर्नेछ ।

२०. आयोजनाको संरचना, मेशिन तथा औजार तथा उपकरणहरु आयोजनाको पुर्नस्थापना मुल्य भन्दा कम नहुने गरि।
२१. तेस्रो पक्षको दायित्व।
२२. कामदार तथा कर्मचारीलाई क्षतिपुर्ति दिनु पर्ने रकम र यस्तै अन्य रकम
२३. प्रचलित कानुन बमोजिम गर्नु पर्ने अन्य बिमा।
२४. कम्पनीले प्रत्येक आर्थिक बर्ष शुरु भएको एक महिना भित्र दफा २७ बमोजिम बिमा तथ बिमा नविकारण अध्यवधिक बनाएको प्रमाण पत्र प्रतिलिपि प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ।
२५. कम्पनीले आफ्नो लेखा परिक्षण भएको आर्थिक विवरण सहितको बार्षिक प्रतिवेदनको प्रतिहरु प्राधिकरणलाई उपलब्ध गराउने छ।
२६. प्राधिकरणले पुर्व सुचना दिई आयोजनाको सुरक्षा तथा दैनिक काममा बाधा नपर्ने गरि आयोजनाको निर्माण उत्पादन र संचालन सम्बन्धि व्यबस्थाहरुको निरिक्षण गर्न गराउन सक्नेछ।

**कम्पनीको मुख्य उद्देश्यहरुः**

(क) विभिन्न भागमा रहेका नदीहरु र खोलाहरुबाट जलविद्युत उत्पादन गर्ने, विक्री गर्ने, जलविद्युत उत्पादन गर्ने सम्बन्धमा इन्जिनियरिङ्ग परामर्श सेवा उपलव्ध गराउने, जलविद्युत उत्पादन सम्बन्धमा अध्ययन अनुसन्धान कार्य गर्ने।

(ख) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट पनि निजी क्षेत्रमा विद्युत उत्पादन गरी विक्री गर्ने तथा सो सम्बन्धी इन्जिनियरिङ सेवा उपलव्ध गराउने।

(ग) नेपाल विद्युत प्राधिकरणका विभिन्न आयोजनाहरु, विद्युत उर्जा उत्पादक कम्पनीहरुबाट उत्पादित विजुली लिजमा लिई विक्री गर्ने कार्य गर्ने।

(घ) उत्पादित विद्युत शक्तिलाई थोक तथा खुद्रा विक्री गर्ने।

(ङ) उपदफा (क) र (ख) मा उल्लेखित श्रोतहरुबाट विद्युत उत्पादन गर्न सिभिल, इलेक्ट्रो, मेकानिकल एवं प्रसारण तथा वितरण लाईनहरुको निर्मण तथा मर्मत गर्ने।

(च) सिभिल इलेक्ट्रो मेकानिकल एवं प्रसारण तथा वितरण लाईन निर्माण सम्बन्धी माल सामान तथा औजार उपकरणहरुको आपूर्ति गरी प्रयोगमा ल्याउने कार्य गर्ने।

(छ) विद्युत आयोजनाहरुको विभिन्न स्ट्रक्चर तथा प्रसारण एवं वितरण लाईन र सव स्टेशनहरुको संचालन एवं मर्मत संभार सम्बन्धी कार्य गर्ने।

(ज) जलविद्युत शक्ति उतदन, ट्रान्समिसन लाईन निर्माण तथा वितरण लाईन निर्माण गर्ने, संचालन गर्ने कार्य गर्ने।

(झ) जलविद्युत क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने गराउने।

(ञ) जलविद्युत क्षेत्रमा स्वदेशी तथा विदेशी प्रशिक्षक तथा विशेषज्ञहरुको संलग्नामा गोष्ठी, सेमिनार सभा सम्मेलन आयोजना गर्ने गराउने।

ऊ) **कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :-** यस कम्पनीको कुनै सहायक कम्पनी नरहेको।

ए) **देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म) :**

(१) **कम्पनीले उत्पादन गर्ने बस्तु वा प्रदान गर्ने सेवाहरु** : साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने।

(२) **प्रयोग भएको वा गरिने विधि** :-यो परियोजना Run of River प्रविधिमा आधारित जलविद्युत आयोजना हो। सोही प्रविधि अनुरुप जलश्रोतकोउपयोग गरी विद्युत शक्तिकोउत्पादन तथा विक्री वितरण गर्ने कार्यका लागि आवश्यक भौतिक संरचना तथा मेशिनहरुको प्रयोग गरिएको छ।

(३) **कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :-** नभएको।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :-** उत्पादित बिद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई विक्री गर्ने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना** :- कम्पनीले एकल रुपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देशभित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागी व्यवसायिक रुपमा सम्भाब्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माणमा लगानी गरी नेपालको जलबिद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा विकास गर्ने

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** :- विद्युत खरीद विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री गर्ने ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति** : आयोजनाको उत्पादन क्षमता ४.९९३ मेगावाट रहेको छ र वार्षिक ३२.११९ गिगावाट आवर (GWH) रहेको छ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** तल्लो ताँदीखोलाबाट प्राकृतिक बहावमा आधारित पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** : आयोजनाको निर्माण अवधिमा गर्नुपर्ने गुण नियन्त्रणका लागि विदेशी परामर्शदाता नियुक्त गरी निज मार्फत सम्पूर्ण निर्माण कार्यको अनुगमन तथा नियन्त्रण भइरहेको छ।

(१०) **अनुसन्धान तथा विकास :** नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्य भइरहेको छ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान** : नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति:** तल्लो ताँदीखोला जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ४९९३ किलोवाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाईमात्र परिपूर्ति गरिएको छ । साथै ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थकोखोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण** :- उत्पादित सम्पूर्ण विद्युत नेपाल बिद्युत प्राधिकरणलाई बिकी गर्ने सम्झौता भएकोले बजारको लागी नेपाल विद्युत प्राधिकरणमा निर्भर रहनु पर्ने ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :-** जलविद्युत केन्द्रमा जडित उपकरणहरुको Spare Parts को लागि मात्र SCHIMMER ENERGY भारतसंग निर्भर रहनु पर्ने ।

**ग.३.ख कम्पनीको सम्पत्ति सम्बन्धी विवरण:**

क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :-** कम्पनीको स्वामित्वमा रहेको बुद्धभूमी नेपाल हाइड्रोपावर केन्द्रको प्लाण्ट तथा उपकरणहरु पंचकन्या गाऊँ पालिका वडा न. ०४ को नौटारी स्थित विद्युत गृहमा जडान भईरहेको अवस्थामा रहेका छन् । विद्युत उत्पादन केन्द्रका सिभिल संरचनाहरु दुप्चेश्वर गाऊँ पालिका वडा नं ०५ र ०६ नुवाकोमा रहेको छ। २०७७ आषाढ मसान्त सम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण यस प्रकार रहेको छ।

**२०७७ आषाढ मसान्त सम्मको सम्पत्ति बिवरण**

रकम रु.

| क्र.सं. | विबरण | कुल मुल्य रु | हाल सम्मको ह्रास कट्टी | नेट मुल्य | रहेको स्थान | पछिल्लो अवस्था |
|---|---|---|---|---|---|---|
| १) | विल्डङ तथा जग्गा | ८८७,०५२.०० | १२६,५१६.२२ | ७६०,५३५.७८ | प्रधान कार्यालय | चालु |
| २) | कम्प्युटर तथा फर्निचर | ९७५,४३९.०० | ४६४,९७८.३९ | ५१०,४६०.६१ | प्रधान तथा साइट कार्यालय | चालु |
| ३) | सवारी साधन | ८,८२७,०३५.९४ | १,७८९,४३६.८० | ४,०३७,५९९.१४ | प्रधान तथा साइट कार्यालय | चालु |
| जम्मा | | १०,६८९,५२६.९४ | २,३८०,९३१.४१ | ५,३०८,५९५.५३ | | |

## ४) क्यापिटलाईज्ड सम्पत्तिको बिवरण (२०७७ आषाढ मसान्त सम्मको बिवरण)

रकम रु.

| क्र.सं. | विबरण | कुल मुल्य रु | हाल सम्मको ह्रास कट्टी | नेट मुल्य | रहेको स्थान | पछिल्लो अवस्था |
|---|---|---|---|---|---|---|
| ४.१ | सिभिल वर्क्स | २६९,९५७,४६६.९९ | - | २६९,९५७,४६६.९९ | आयोजना स्थल | निर्माणको अन्तिम चरण |
| ४.२ | इलेक्ट्रोमेकानिकल तथा ट्रान्समिसन | ८७,८२४,०८१.९८ | - | ८७,८२४,०८१.९८ | आयोजना स्थल | जडान कार्य भइरहेको |
| ४.३ | ल्याण्ड तथा ल्याण्ड डेभलपमेन्ट | ५९,०४७,५७४.०३ | - | ५९,०४७,५७४.०३ | आयोजना स्थल | आयोजना स्थल |
| ४.४ | प्रि अपरेटिङ खर्च | २५,६१४,३५३.०० | - | २५,६१४,३५३.०० | | |
| ४.५ | हाइड्रोमेकानिकल खर्च | २५०,५१४,५१०.७२ | - | २५०,५१४,५१०.७२ | आयोजना स्थल | निर्माणको अन्तिम चरण |
| ४.६ | प्रोजेक्ट म्यानेजमेन्ट तथा इन्जिनियरिङ्ग खर्च | २५,२७९,३२६.९२ | - | २५,२७९,३२६.९२ | | संचालन खर्च मुख्य तथा साइट |
| ४.७ | इन्फाइस्टक्चर डेभलपमेन्ट | १,५५४,६२४.३५ | - | १,५५४,६२४.३५ | आयोजना स्थल | आयोजना स्थल |
| ४.८ | वाताबरणिय तथा सामाजिक खर्च | ६,८३१,९१३.०० | - | ६,८३१,९१३.०० | आयोजना स्थल | आयोजना स्थल |
| ४.९ | ब्याज खर्च | ८८,९०४,४०७.७५ | - | ८८,९०४,४०७.७५ | | बैंक ब्याज |
| | जम्मा | ८१५,५२८,२५८.७४ | - | ८१५,५२८,२५८.७४ | | |

ख) **बूंदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) :-** आफ्नै सम्पत्ति भएको र लिजमा नलिएको ।

ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वमित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :-** यो परियोजना निर्माण तथा संचालनका लागी आवश्यक ऋण पुँजी जुटाउन परियोजनाका भौतिक संरचनाहरु सिद्धार्थ बैंक लि. को अगुवाईमा सहवित्तीयकरण वैकहरु बैंक अफ काठमाण्डू लि., माछापुच्छ्रे बैंक लि. र नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि.को नाममा धितो रहेको छ ।

घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तिहरुको मूल्य परल मोलमा नै राखिएको र पुनर्मूल्यांकन गरिएको छैन।

ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीले सम्पुर्ण सम्पतीहरु ऐतिहासिक लागत मुल्यमा मुल्यांकन गरेको छ।

**ग.३.ग कम्पनीको भावी योजना तथा रणनीति :**

**क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**

१. कम्पनीको मुख्य उदेश्य नेपालको जलविद्युत क्षेत्रमा एक सक्षम कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ।

२. कम्पनीले आफ्नो उदेश्य प्राप्तीको लागी हाल संचालित ४.९९३ मे.वा क्षमताको बुद्धभूमी नेपाल हाइड्रोपावर आयोजनाको अतिरिक्त अन्य सम्भावित आयोजनाहरुको पनि अध्ययन गरी रहेको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :-**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर संभावना रहेको भएपनि वर्तमान अवस्थामा विद्युतको माग र आपुर्ति बीच ठूलो खाडल रहेको छ । जसले गर्दा विगतमा नेपाली जनताले चर्को लोडसेडिडको मार खेप्नु परिरहेको थियो भने हाल नेपालमा विद्युतिय रेल, विद्युतिय सवारी साधन, रोप- वे, मोनो रेल आदिको विकास र विस्तार गर्ने योजनाहरु सरकारले अघि बढाउनु तथा उद्योग र कृषि क्षेत्रमा पनि विद्युतको माग अत्यधिक रहेको छ भने निजीक्षेत्रमा समेत विजुली प्रयोग गर्ने जनसंख्या निरन्तर बढिरहेका छन । देशको कतिपय स्थानहरुमा विजुली पुऱ्याउनु पर्ने अवस्था अझै विद्यमान रहेकोले राज्यलाई आवश्यक पर्ने विद्युत उत्पादनको आवश्यकता अत्यधिक रहेको छ। साथैयस क्षेत्रको पर्याप्त विकास हुन सके छिमेकी मुलुकहरुमा निर्यात गर्न पनि सकिने सम्भावना प्रशस्त रहेको छ। त्यसैले यो व्यवसायमा प्रतिस्पर्धाको कारण उद्योगलाई कुनै पनि प्रकारको नकारात्मक असर पर्ने सम्भावना ज्यादै नै न्यून रहेको छ। यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडि बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाको पहिचान तथा विकास गर्दा अन्य वस्तु तथा सेवा व्यवसायको जस्तो प्रतिस्पर्धाबाट कुनै पनि प्रकारको जोखिम सिर्जना हुने अवस्था देखिदैन

**ग.३.घ संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धि व्यवस्था:**

कम्पनीको नियमावलीमा देहाय बमोजिमका ७ (सात) जना संचालक सदस्य रहेको एक संचालक समिति हुने व्यवस्था रहेको छ:

| | | |
|---|---|---|
| क) | **“क” समूहमा रहेका संस्थापक समुहबाट** मनोनित /निर्वाचित | ५ जना |
| ख) | **“ख” समूहमा रहेका** सर्वसाधारण शेयरधनीहरु बाट | १ जना |
| ग) | व्यवसायिक विशेषज्ञबाट सञ्चालक | १ जना |

घ) **संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयर सख्या :** यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनको लागी कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्दछ। संचालकको कार्यकाल ४ वर्षको हुनेछ।
तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु

हुने छैन।

नोट : हाल यस कम्पनीमा सर्वसाधारण समूह तथा स्वतन्त्र सञ्चालक समेत गरी दुई जना सञ्चालकको पद रिक्त रहेको छ। सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

## ग.४ पूँजी संरचना सम्वन्धि विवरण:

### (क) पूँजीको संरचना :-

**१) अधिकृत पूँजी (Authorised Capital):**

कम्पनीको अधिकृत पूँजी रु. ७५,००,००,०००/- (पचहत्तर करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ७५,००,००० (पचहत्तर लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**२) जारी पूँजी (Issued Capital):**

कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ४०,००,००,०००/- (चालिस करोड रुपैयाँ) हुने छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ४०,००,००० -चालिस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**३) चुक्ता पूँजी (Paid up Capital):**

कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. २८,००,००,०००/- (अट्ठाइस करोड रुपैयाँ) रहेको छ । यस विवरणपत्र मार्फत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्कासन पश्चात कम्पनीको चुक्ता पूँजी रु. ३२,००,००,०००/- (वत्तिस करोड रुपैयाँ मात्र) हुनेछ र सर्वसाधारणको लागि छुट्ट्याइएको पूरै शेयर निष्कासन भएपछि कम्पनीको चुक्ता पूँजी ४०,००,००,०००/–(चालिस करोड रुपैयाँ मात्र) हुनेछ।

**संस्थाको स्थापना पश्चात पूँजी परिवर्तन सम्बन्धी विवरण**

| आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | मिति |
|---|---|---|---|
| २०६७/६८ | १०,००,००,०००.०० | १०,००,००,०००.०० | २०६४/०६/३० |
| २०६८/६९ | ७५,००,००,०००.०० | ७५,००,००,०००.०० | २०६८/०१/१६ |
| | | | |

### (ख) निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप)

उद्योग प्रभावित स्थानिय बासिन्दा तथा सर्वसाधारणलाई शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात कम्पनीको पूँजी संरचना यस बमोजिम हुनेछ।

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना | चुक्ता पूँजी रकम ( रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनी | २८,००,००० | ७०% | २८,००,००,०००/- | शतप्रतिशत |
| ख | उद्योग प्रभावित क्षेत्र ( नुवाकोट जिल्ला) का बासिन्दा | ४,००,००० | १०% | ४,००,००,०००/- | शतप्रतिशत |
| ख | सर्वसाधारणहरु | ८,००,००० | २०% | ८,००,००,०००/- | शतप्रतिशत |
| | **जम्मा** | ४०,००,००० | | ४०,००,००,०००/- | |

***नोटः उद्योग प्रभावित क्षेत्र नुवाकोट जिल्लाका बासिन्दाहरु र सर्वसाधारणहरुलाई बिक्रि गरिने शेयर चुक्ता हुन बाँकी रहेकोछ।***

### (ग) शेयर प्रिमियम खाता (निष्कासन पुर्व र निष्कासन पश्चात)

कम्पनीले सर्वसाधारणलाई निष्कासन गर्न लागेको शेयरमा प्रिमियमको व्यवस्था नभएको ।

## ग.५ संस्थापक/संचालक सम्वन्धि जानकारी:

### ग.५.क संस्थापक/संचालकहरुको पृष्ठभूमी :

(क) आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :

**आधारभुत शेयरधनीको विवरण:**

| क्र. सं. | नाम | ठेगाना | उमेर | राष्ट्रियता | शेयर थान | | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुर्णलाल श्रेष्ठ | नुवाकोट खानीगाउँ ४ | ४६ | नेपाली | ३३९,५२५.०० | थान | आइ ए | व्यवसाय |
| २ | बलराम खतिवडा | नुवाकोट थप्रेक ५ | ४८ | नेपाली | २१५,९५५.०० | थान | बि कम | व्यापार |
| ३ | प्रमोद खड्का | का.जि. खड्का भद्रकाली ३ | ४१ | नेपाली | ३०५,०००.०० | थान | आइ ए | व्यबसाय |
| ४ | दिपक लाल अमात्य | नुवाकोट, खानिगाउँ ४ | ४३ | नेपाली | १३३,३८०.०० | थान | आइ ए | व्यापार |
| ५ | शेकर कुमार सुबेदी | ललितपुर इमाडोल ४ | ५५ | नेपाली | १४३,३९२.०० | थान | एम एस सि बि इ | परामर्शदाता |
| ६ | इल्या दिक्षीत भट्टराई | का.म.न.पा ३ | ६५ | नेपाली | १४१,०३४.०० | थान | बि एड | गृहणि |
| ७ | अनिल कुमार थापा | का.म.न.पा ३ | ६२ | नेपाली | १९६,८३४.०० | थान | एम ए | व्यबसाय |
| ८ | अनुराधा राई | का.म.न.पा ३ बानेश्वर | ६० | नेपाली | १००,०००.०० | थान | साक्षर | व्यापार |
| ९ | बिर बहादुर कंडेल | नुवाकोट थप्रेक ८ | ५१ | नेपाली | ५६,६५०.०० | थान | आइ ए | व्यापार |
| १० | ज्योत्सना लोहनि | का.म.न.पा. ४ | ४२ | नेपाली | ७७,०००.०० | थान | बि इ | व्यापार |
| ११ | लोक पाणी अग्निहोत्री | का.म.न.पा १ नक्साल | ६५ | नेपाली | ३०,०००.०० | थान | बि ए | व्याबसाय |
| १२ | शर्मिला श्रेष्ठ | नुवाकोट खानीगाउँ ४ | ३५ | नेपाली | ३०,१२०.०० | थान | एम एड | व्याबसाय |
| १३ | राजु कुमार अमात्य | नुवाकोट खानीगाउँ ४ | ४९ | नेपाली | १६०,७७०.०० | थान | बि कम | व्याबसाय |
| १४ | शुरेश काजि शाक्य | का.म.न.पा १७ | ६४ | नेपाली | ३९,९९६.०० | थान | आइ ए | व्याबसाय |
| १५ | दाश लाल अमात्य | १०४७९/नवलपरासी | ७० | नेपाली | १६६,९४०.०० | थान | साक्षर | व्याबसाय |
| १६ | प्रविण खड्का | का.जि. खड्का भद्रकाली ३ | ४१ | नेपाली | १०५,८३१.०० | थान | बि ए | व्याबसाय |
| १७ | प्रदिप खड्का | का.जि. खड्का भद्रकाली ३ | ४४ | नेपाली | १०५,८३२.०० | थान | आइ ए | व्याबसाय |
| १८ | माधव पोखरेल | नुवाकोट, खानिगाउँ ४ | ५० | नेपाली | ३९,६५८.०० | थान | बि ए | व्याबसाय |

नोटः शेयरधनी मधुकर पाण्डे ज्यूको शेयर श्रीमती शुशिला ढकाल ज्यूले खरिद गर्नु भएको ।

**संचालकहरुको विवरण:**

| सि. नं. | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | जल विद्युत क्षेत्रको अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | पूर्ण लाल श्रेष्ठ, खानीगाउँ ४ नुवाकोट | अध्यक्ष | ४६ | नेपाली | ३३९,५२५ थान | आइ ए | यस अघि छैन | १५ बर्षको व्यापारिक अनुभव तथा रियल स्टेट (Brightway Investment Pvt Ltd.) |
| २. | बलराम खतिवडा, थप्रक ५, नुवाकोट | सञ्चालक | ४८ | नेपाली | २१५,९५५ थान | बि कम | जल बिद्युत निर्माण सम्बन्धि सामान बिक्रि | १५ बर्ष भन्दा बढिको व्यापारिक अनुभव (B Four Engineering & Construction Pvt Ltd) |
| ३. | प्रमोद खड्का, का.जि. खड्का भद्रकाली ३ | सञ्चालक | ४१ | नेपाली | ३०५,००० थान | आइ ए | यस अघि छैन | १५ बर्ष भन्दा बढिको व्यापारिक अनुभव |
| ४. | दिपक लाल अमात्य, खानीगाउँ ४, नुवाकोट | सञ्चालक | ४३ | नेपाली | १३३,३८० थान | आइ ए | यस अघि छैन | १५ बर्ष भन्दा बढिको व्यापारिक अनुभव |
| ५. | शेखर कुमार सुवेदी, इमाडोल ४, ललितपुर | सञ्चालक | ५५ | नेपाली | १४३,३९२ थान | एम एस सि बि इ | जलबिद्युत आयोजनाको डिजाईन सम्बन्धि कार्यको अनुभव | १५ बर्ष भन्दा बढिको कन्सल्टेन्सिको अनुभव (We Link Associates) |

**नोटः संचालक डा. दिपक प्रसाद भट्टराई ज्यूको देहबसान पश्चात रिक्त संचालक पदमा हाललाई नियुक्ति भइ नसकेको ।**

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना (प्राकृतिक ब्यक्ति नखुले सम्म) :** नभएको

**(ग) संगठित संस्थाको संचालकहरु, अन्य कुनै संस्था, कोष संगठन संग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम ठेगाना :**

| क्र.सं. | नाम | सम्बन्धित रहेको संस्था, फर्म र कम्पनीहरु |
|---|---|---|
| १. | पूर्ण लाल श्रेष्ठ | संचालक- ब्राइट वे इन्भेष्टमेन्ट प्रा.लि. |
| २. | बलराम खतिवडा | संचालक- बि.फोर. ईन्जिनियरिंग प्रा. लि. |
| ३. | प्रमोद खड्का | छैन |
| ४. | दिपक लाल अमात्य | छैन |
| ५. | शेखर कुमार सुवेदी | हाल बिदेशमा कार्यरत |

कम्पनीले स्थानिय बासिन्दाहरुलाई खरीद गर्न आह्वान गरेको ४,००,००० कित्ता साधारण शेयर बिक्री भई बाँकी रहेमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम उक्त बाँकी रहेको शेयर सर्वसाधारणहरुलाई निष्काशन गरीने शेयर कित्तामा थप गरि निष्काशन गरिनेछ । सर्वसाधारणलाई थप गरी निष्काशन गर्दा समेत विक्री हुन नसकेमा वाँकी सम्पुर्ण शेयर प्रत्याभुतीकर्ताले खरिद गर्ने गरी सम्झौता गरीएको छ । यस विवरण पत्र मार्फत सर्वसाधारणलाई निष्काशन गर्न लागीएको ८,००,००० कित्ता साधारण शेयरमा स्थानियवासीलाई जारी गरीने शेयर वाँकी रहेमा सो कित्ता समेत थप गरी कायम हुन आउने कित्तावाट यस बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडका कर्मचारीहरुका लागि २ प्रतिशत र सामुहिक लगानी कोषहरुका लागि ५ प्रतिशत शेयर वाँडफाँट गरी वाँकी शेयर सर्वसाधारणहरुलाई निष्काशन तथा वाँडफाँट गरीनेछ।

**ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
ASBA अनिवार्य भएको अवस्थामा धितोपत्र निष्काशन तथा वाँडफाँट निर्देशिका २०७४ अनुरुप ASBA सदस्य वैंक तथा वित्तिय संस्थावाट आवेदन दिने आवेदकहरुको सम्वन्धीत वैंक तथा वित्तिय संस्थाले नै वाँडफाँटमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन वमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरी दिनेछ।

तर स्थानियवासीको हकमा शेयर विक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समय भित्र शेयर बाँडफाँट गरी पुर्ण वा आंशिकरुपमा शेयर विक्री वन्द भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र ( Allotment Advice) र रकम फिर्ता भुक्तानी दिइने छ ।

**ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने ब्याजदर :**
धितोपत्र निष्कासन तथा वाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको विक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

उपरोक्त व्यवस्था आस्वा सदस्य वैक तथा वित्तिय संस्थावाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

**घ) धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**
निष्काशन गरीने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन निर्देशिका तथा प्रचलित शेयर वाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको वाँडफाँट गरी तोकिएको समयावधी भित्र हितग्राही ( डिम्याट) खातामा जम्मा गरीने छ ।

**ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :**

हाल सम्म सुचिकरण भई नसकेको ।

**च) धितोपत्र सूचिकरण भै नसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद विक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** :

निष्काशन गरीने साधारण शेयरको बाँडफाँट पश्चात धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधी भित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरीने धितोपत्र सुचिकरण गराई शेयर खरिद विक्रीको व्यवस्था मिलाईने छ।

**ग.१०.च प्रत्याभूती सम्बन्धी विवरण:**

क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

विवरण-पत्रद्वारा निष्कासन तथा बिक्री गरिने साधारण शेयरहरु आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि सुरक्षित गरी जारी गरिएको र उक्त शेयर बिक्री नभएमा सर्वसाधारणहरुलाई बिक्री गरिने शेयरमा थप गरी बिक्री गर्नुपर्ने र सो गर्दा समेत शेयर विक्री नभएमा का.जि. का.म.पा. वडा नं.३२ स्थित मर्चेन्ट वैंकरको रुपमा दर्ता भएको श्री **प्रभु क्यापीटल लिमिटेड** वाट १२,००,००० थान वरावरको रु १२,००,००,०००।- को शेयर प्रत्याभुती गरीएको छ।

ख) **धितोपत्र प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको रु.१०० अंकित दरको रु.१२,००,००,०००।- रकम वरावरको १२,००,००० कित्ता साधारण शेयर मध्ये स्थानियबासीको लागी निष्काशन हुने रु.१०० अंकित दरका ४,००,००० कित्ता शेयरको हुने रु ४,००,००,०००।- (चार करोड) तथा सर्वसाधारणका लागी निष्काशन हुने ८,००,००,०००।- ( आठ करोड) रकम वरावरको प्रत्याभुतिकर्ताले प्रत्याभुति गर्न मंञ्जुर गर्दछ । साथै स्थानियवासीको लागी निष्काशन गरीएको निष्काशन समय अवधी भित्र बिक्री नभएमा सो विक्री नभए वरावरको शेयर सर्वसाधारणको लागी जारी गरीने शेयर कित्ता ८,००,००० कित्तामा थप गरी निष्काशन गरीनेछ । तथा शेयर प्रत्याभुती पनि सोही वमोजिम हुनेछ।

२. प्रत्याभुती गरीएको शेयर पुर्ण वा आंशिक रुपमा बिक्री नभएमा कम्पनीले शेयर वापतको रकम माग गरेको वखत प्रत्याभुतीकर्ताले रकम भुक्तानी गरी खरिद गरी लिनेछ । साथै कम्पनीले समेत शेयर वापतको रकम प्राप्त गरे पश्चात उक्त शेयरको स्वामित्व यथासिघ्र प्रत्याभुतिकर्ता लाई हस्तान्तरण गर्नुपर्नेछ ।

३. कम्पनीको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पुर्ण शेयरका लागी आवेदन प्राप्त भएमा प्रत्याभुतिकर्ताको दायित्व स्वत: पुरा हुनेछ ।

४. प्रत्याभुती गरेको शेयर ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछी सर्वसाधारण शेयरधनी सरह प्रत्याभुतीकर्तालाई समेत शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ ।

५. प्रत्याभुती सम्झौताको समयावधी सम्झौता भएको मितिले १ वर्ष सम्म वा सर्वसाधारणलाई जारी गरी बाँडफाँड नभए सम्म हुनेछ । कथंकदाचित उक्त अवधि भित्र शेयर निष्काशनको कार्य गर्न नसकिएमा सम्वन्धीत पक्षहरुको सहकार्यमा नयाँ सम्झौता हुनेछ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु**

क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तत गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदी सम्वन्धी विवरण :-**

यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ।

ख) **नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाँउ, भुक्तानी गर्ने तरीका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथी लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्वन्धी विवरण :**

- कार्यालय समय भित्र निम्नलिखित स्थानहरु तथा तोकिएको संकलन केन्द्रमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली र विवरण पत्र निरीक्षण गर्न सकिनेछ ।
- कम्पनीको रजिष्टर्ड कार्यालय, वागमती अञ्चल, काठमाण्डौ जिल्ला का.म.न.पा वडा.नं ३, पानीपोखरी, महाराजगञ्ज

- शेयर निष्कासन तथा बिक्री प्रवन्धक –सिभिल क्यापिटल मार्केट लिमिटेड, सुनधारा, काठमाण्डौ।
- शेयर खरीदको लागि दरखास्त दिंदा स्थानिय वासिन्दाले कम्तिमा १० कित्ता र बढीमा ५०,००० कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछन । त्यस्तै सर्वसाधारणहरुले दरखास्त दिँदा कम्तिमा १० कित्ता र बढीमा १० अंकले भाग जाने संख्यामा ५०,००० कित्ता को लागी निवेदन दिन सक्नेछन।

## ग) आवेदन दिंदा पालना गर्नु पर्ने शर्त बन्देजहरु :

### १ स्थानिय वासिन्दाको लागीः-

आयोजना प्रभावित नुवाकोट जिल्लाका बासिन्दाहरुले यस विवरण-पत्र अनुसार जारी गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

क. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ।

ख. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ बर्षदेखि स्थायीरुपमा बसोबास गरेको व्यहोरा सम्बन्धीत गाऊँ पालिकाले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ।

ग. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

घ. विवाह भै आएका महिलाका हकमा विवाह–दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।

ङ. आयाोजना प्रभावित क्षेत्रमा वसाई सराई गरी आएको हकमा विवरण पत्र स्वीकृत भएको मितिसम्म बसाई सराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनु पर्नेछ।

च. माथि उल्लेखित हुन छुटेका उद्योग प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गाऊँ पालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।

छ. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।

ज. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नु पर्नेछ।

झ. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ।

ञ. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।

ट. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

ठ. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्तव बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।

ड. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा कर्मचारी तथा सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

ढ. सम्पुर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा ऋभिबचष्लन ज्यगकभ को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

ण. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

त. यस विवरण(पत्र मार्फत निष्कासन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/ BOID No.) भएका आवेदकहरुलाई नीजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने व्यबस्था भएको हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/ BOID No.) आवेदन फाराममा उल्लेख गर्न सक्ने छन्। साथै डिम्याट खाता (DMAT Account/ BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन्।

थ. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

## २ सर्वसाधारणको लागी

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।
६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण संग रुजुहनु पर्नेछ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
   - क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम।
   - ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
   - ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
   - घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा।
   - ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा।

च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम । छ. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर ।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ । स्थानियवासिन्दाका लागि शेयर आवेदन दिने आवेदकले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरीने शेयरमा पुन आवेदन दिन सक्ने छैनन ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१२. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट ऋच्ल नं. लिईसकेको हुनु पर्नेछ।

१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ५०,००० (पचास हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

## ग.११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्कासनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था संगको सम्बन्ध, कारोबारको प्रकृति र रकम सम्वन्धी विवरण :-**

क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोवार नभएको ।

ख) आधारभूत शेयरधनी : नभएको ।

ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :- कारोबार नभएको ।

घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : -नभएको ।

ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :- कुनै कारोवार वा सम्झौता गरेको छैन ।

च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसंग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :-**

कम्पनीले व्यवसाय संचालनको लागी संचालकहरुवाट लिएको ऋण यस प्रकार छ :-

| क.स. | संचालकको नाम थर | ऋण लिएको रकम रु. | ऋण लिएको मिति | भुक्तानी | बाँकी रकम रु. |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | बलराम खतिवडा | ३८,००,००० | २०१८ अगष्ट ९ | २८,७६,०७५ | ९२३,९२५ |

**ग.१२ विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण:**

क) **विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु** : कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

**ग.१३ सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा सो को विवरण : नभएको।**

**ग.१४ पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण : नभएको।**

**ग.१५ परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

क) **लेखापरीक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

१ आ.ब. २०७७/०७८ को लेखापरीक्षण चाटर्ड एकाउण्टेन्ट **श्री ठाकुर प्रसाद अधिकारी एण्ड एसोसियटसले** । उक्त आ.ब.को वासलातको प्रमुख अंश विवरण-पत्रको दफा ३.९ मा उल्लेख गरिएको छ ।

२ प्राथमिक शेयर निष्कासन विवरण पत्र–सिभिल क्यापिटल मार्केट लिमिटेड, सुनधारा, काठमाण्डौले तयार गरेको हो । यस प्राथमिक शेयर निष्कासनका लागि निष्कासन तथा बिक्री प्रबन्धकमा सिभिल क्यापिटल मार्केट लिमिटेड, सुनधारा, काठमाण्डौ लाई नियुक्त गरिएको छ ।

३ **निष्कासन बैंक (Banker to the issue) निम्न बमोजिम तोकिएको छ।**
यस विवरण पत्र मार्फत निष्काशित साधारण शेयरहरुका लागि निष्कासन बैंक (Banker to the issue) को रुपमा सिभिल वैंक लि., सुनधारा, काठमाण्डौलाई तोकिएको छ साथै आवश्कता अनुसार निष्कासन बन्द भएको मितिले ३ दिन भित्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

४ कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि **श्री ठाकुर प्रसाद अधिकारी एण्ड एसोसियटसले गनु भएको छ।**

ख) माथी खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसंग भएको सहमतिका मूख्य मूख्य बूंदा तथा शर्तहरु : सो नभएको ।

**ग.१६ परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

आयोजना सम्पन्न गर्न रु २८,००,००,०००।- संस्थापक शेयरधनीहरुको स्वपूँजी, रु. ७७३,४९९,०००/-सहवित्तियकरण अर्न्तगत बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त ऋण र बाँकी व्यत्तिगत ऋण तथा अन्य दायित्व प्रयोग गरी आयोजना सम्पन्न गरिएको छ ।

**रकम रु हजारमा**

| क्र.स | बैंक तथा वित्तिय संस्थाको नाम | कर्जाको प्रकृती | सुरु कर्जा रकम | भुक्तानी गरेको कर्जा रकम | बाँकी कर्जा रकम | अबधि | शुरुको ब्याजदर (%) | हालको ब्याजदर (%) | किस्ता रकम ( बार्षिक) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिदार्थ बैंक लि. | आवधिक कर्जा | ३४१,९२७ | ० | ३४१,९२७ | १५ बर्ष | ११% | ९% | |
| २ | बैक अफ काठमाण्डौ लि. | आवधिक कर्जा | १५०,००० | ० | १५०,००० | १५ बर्ष | ११% | ९% | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | मछापुच्छ्रे बैंक लि. | आवधिक कर्जा | १८१,५७२ | ० | १८१,५७२ | १५ बर्ष | ११% | ९% | |
| ४ | नेपाल क्रेडिट एण्ड कर्मश बैंक लि. | आवधिक कर्जा | १००,००० | ० | १००,००० | १५ बर्ष | ११% | ९% | |
| | **जम्मा** | | ७७३,४९९ | ० | ७७३,४९९ | | | | |

**ग.१७ मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :

कम्पनीलाई तात्विक रुपमा असर पार्ने गरी हालसम्म कुनै प्रकारको विवाद, मुद्दा मामिला परेको छैन।

ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : नभएको ।

ग) विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :

विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :

सो नभएको ।

**ग.१८ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्वन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानको लागी धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरीएको छ । लगानीकर्ताले देहाएको माध्यमवाट आफ्नो गुनासो तथा सुझावहरु श्री हरी प्रसाद भट्टराइ मार्फत प्रेषित गर्न सक्नेछन् ।

**फोन नं. ०१-४२६२३०३, ०१-४२६१२५१ एक्सटेन्सन ०**
**इमेल :-*ccm@civilcapital.com.np***

**ग.१९ नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** नभएको

**ग.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :**

क) कुनै संगठित सस्थाले ऋण पत्र जारी गर्ने भएमा त्यस्तो ऋणपत्र निष्काशनको शर्त वन्देजहरु, ऋणपत्रको अवधी, निष्काशन गरीने ऋणपत्रको रकम, ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने व्याजदर, ऋणपत्र भुक्तानी जगेडा कोष सम्वन्धी व्यवस्था, ऋणपत्रवालाहरुको अधिकार,

ख) संगठित सस्थाको सम्पतीमा ऋणपत्र वालाको हक सम्वन्धी विवरण,

ग) ट्रष्टिको नाम, ठेगाना तथा ट्रष्टि र कम्पनी वीच भएको सम्झौता (Trust Deeds) को प्रमुख बुँदाहरु,

घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मुल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था उल्लेख गर्नुपर्ने,

ङ) ऋणपत्र जारी गर्नुको उदेश्य र सम्पन्न हुने कार्य योजना,

च) जारी पुँजी पुरा चुक्ता भए / नभएको ।

हालसम्म ऋणपत्र जारी गरी कर्जा लिएको छैन । आवश्यकता अनुसार ऋणपत्र जारी गर्न सकिनेछ ।

**ग.२१ अग्राधिकार शेयर निष्कासन सम्बन्धी व्यवस्था :**

हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२ अन्य सामान्य जानकारी :**

क) विशेषज्ञको कुनै राय भएमा सो को विवरण - प्रक्षेपित वित्तिय विवरण ठिक छ भनि श्री ठाकुर प्रसाद अधिकारी एण्ड एसोसियटसले प्रमाणित गर्नु भएको छ।

ख) गत तिन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए सो को कारण:

गत तिन आर्थिक वर्षमा कम्पनीका संचालक, लेखापरिक्षक परिवर्तन भएको विवरण र कारण निम्नानुसार छ । परिवर्तन भएको छैन ।

**(ग)** कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :
नामः शुकराज डंगोल
ठेगाना : काठमाण्डौं जिल्ला वडा नं. ११
योग्यताः एल एल बि, स्नातकोत्तर लेखा, वित्त तथा कर
अनुभव : ५ बर्ष देखि कानूनी सेवा ।

**(घ) सार्वजनिक निष्कासन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णयसम्बन्धी विवरण :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलिमा भएको व्यवस्था बमोजिम सर्वसाधारणहरुलाई छुट्याईएको रु.१०० अंकित दरका १२,००,००० कित्ता शेयर मध्ये ४,००,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्र ( उद्योग प्रभावित क्षेत्र) नुवाकोट जिल्लाका बासिन्दाहरुलाई निष्कासन गर्ने र ८,००,००० कित्ता शेयर सर्वसाधारणलाई विक्री गर्ने निर्णय गरीएको छ । उक्त शेयरहरु निष्काशन गर्नका लागि निष्काशन तथा विक्री प्रबन्धक सिभिल क्यापिटल मार्केट लिमिटेड मार्फत गराउने निर्णय गरेको छ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः**

यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।

कम्पनीको रजिष्टर्ड कार्यालय, वागमती अञ्चल, काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ३ पानीपोखरी काठमाण्डौ , शेयर निष्कासनको लागि तोकिएका संकलन केन्द्रहरु र शेयर निष्कासन तथा बिक्री प्रवन्धक श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाण्डौ बाट प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।

**(छ) बोनस शेयरसम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्कासन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सकिनेछ।

**(ज) शेयरवाला, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

(१) यस विवरणपत्रअनुसार निष्कासन गरिने ४,००,००० थान शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) नुवाकोट जिल्लाका सम्पुर्ण बासिन्दाहरुको लागी निष्कासन गरिएको छ । आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दालाई छुट्याइएको कित्ता बाँकी रहेमा सो बाँकी रहेको कित्ता सर्वसाधारणलाई छुट्याइएको ८,००,००० कित्तामा थप गरी बुद्धभूमी नेपाल हाइड्रोपावर कम्पनीका कर्मचारीहरुको लागी २ प्रतिशत र सामुहिक लगानीकोषहरुका लागि ५ प्रतिशत शेयर बाँडफाँट गरी सर्वसाधारणहरुका लागि शेयर निष्काशन गरीनेछ।

(२) यस विवरण-पत्र बमोजिम स्थानिय बासिन्दाहरुको लागि निष्कासन गरिएको शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई जारी गरिने कित्तामा थप गरी निष्काशन गरीनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरण–पत्रमार्फत निष्कासित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) नुवाकोट जिल्लामा कम्तिमा चार सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन फारम तथा विवरण–पत्र वितरण तथा आवेदन फारम सहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**(ट) विवरण-पत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यो विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री सिभिल क्यापिटल मार्केट लि., सुनधारा, काठमाडौं रहेको छ।

**(ठ) केडिट रेटिङ सम्वन्धी विवरण :-**

यस विवरण पत्र अनुसार सर्वसाधारणलाई निष्कासन गरीने शेयरको लागी “क्रेडिट रेटिङ नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था वमोजिम नेपाल धितोपत्र वोर्डवाट अनुमती प्राप्त क्रेडिट रेटिङ संस्था इक्रा नेपाल लि. डिल्लीवजार, काठमाण्डौ वाट क्रेडिट रेटिङ गराई २६ अगष्ट २०२० मा कमजोर आधारहरु **(Moderate risk of default regarding timely servicing of financial obligations.)** जनाउने **[ICRANP-IR] BB- ग्रेडिङ्ग** प्राप्त गरेको छ। क्रेडिट रेटिङ सम्वन्धी विवरण यस विवरण पत्रको अनुसुचिमा संलग्न गरीएको छ।

**(ड) सकारात्मक पक्षहरू :**

- आयोजना निर्माण पुर्णरुपमा तोकिएको समयमा सम्पन्न गरि व्यापारिक उत्पादन गर्नको लागी पचास प्रतिशत भन्दा धेरै कार्य सम्पन्न भैसकेको हुदा परियोजना सम्पन्न नहुने, ढिला हुने जोखिम नरहेको ।
- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
- बुद्धभूमी नेपाल हाइड्रोपावर आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र प्रर्वद्धन गर्न सफल रहने ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य राम्रो रहेको।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ । उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउने गरी दोश्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४(चार) कार्य दिनभन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन

**(त) धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम ९ को उपनियम ३ मा भएका व्यवस्थाहरुको विवरण**

**(१) आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नको लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पुरा गरेको** : यस कम्पनी मिति २०७४/०४/३१ गतेबाट पब्लिक लिमिटेडको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता

**(२) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको :** यस कम्पनीले आ.व. २०७५/७६ को लेखापरीक्षण तथा साधारणसभा मिति २०७७/०३/२६ गते सम्पन्न भएको हो ।

**(३) आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा (स्वीकृति लिनु पर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिईसकेको :** नेपाल सरकार, जलस्रोत मन्त्रालयबाट मिति २०६३/०३/१२ मा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त भई, मिति २०६९/१२/२७ मा नेपाल सरकार, उर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. २०६९/७० वि.उ.८८ ) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०४/१२/२६ गतेसम्म बहाल रहनेछ।

**(४) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको :** सो भइसकेको ।

**(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरिद प्रकृया अगाडि बढाई सकेको :** यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा M/S Schimmer Energy Pvt Ltd. बाट खरिद गरेको ।

**(६) धितोपत्रको आयोजना प्रधावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशन तथा विक्री प्रवन्धकसंगको सम्झौता :** धितोपत्रको आयोजना प्रभावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशन तथा विक्री प्रवन्धकसँग मिति २०७५/०५/२२ गते द्विपक्षिय सम्झौता सम्पन्न भएको छ।

(७) आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत रहेको छ।

(८) संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम रु.२८०,०००,०००/- ( अठ्ठाईस करोड)( शतप्रतिशत चुक्ता भैसकेको छ।

(९) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर मिति २०७१/०६/१४ गते वित्तीय व्यवस्थापन सम्बन्धि सम्झौता सम्पन्न भएको ।

(१०) मिति २०७० चैत्र १० गते नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद विक्री सम्झौता सम्पन्न भइसकेको छ।

**(११) सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभुति गराएको :** सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा तोकिए बमोजिम श्री प्रभु क्यापिटल लि., कमलादी, काठमाण्डौंसँग प्रत्याभुति सम्झौता गरिएको छ ।

(१२) क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण : यस सार्वजनिक निष्काशन (स्थानियवासी तथा सर्वसाधारणलाई जारी गरिने) लाई केयर रेटिङ्ग नेपाल लिमिटेडले मिति **२०७७/०५/०८** गते यस कम्पनीलाई **"[ICRANP-IR] BB-[1]"** प्रमाणपत्र प्राप्त गरेको छ। यसको अवधि एक (१) वर्षको रहेको छ।

**ग.२३ संचालकहरुको नाम तथा दस्तखत :**

| **क्र.स.** | **संचालकको नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| १ | पूर्णलाल श्रेष्ठ | संचालक, अध्यक्ष | |
| २ | बलराम खतिवडा | संचालक, | |
| ३ | प्रमोद खड्का | संचालक, | |
| ४ | दिपक लाल अमात्य | संचालक, | |
| ५ | शेखर कुमार सुवेदी | संचालक, | |

## २४ निष्कासन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) को प्रति :

पब्लिक कम्पनी दर्ता नं. ११०३/०६५/०६६

नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को कार्य गर्न स्वीकृति प्राप्त

Estd. 2008
Civil Capital Market Ltd.

**सिभिल क्यापिटल मार्केट लि.**
**Civil Capital Market Ltd.**

- निष्काशन तथा बिक्री प्रबन्ध
- धितोपत्र प्रत्याभूति
- शेयर रजिष्ट्रेशन
- लगानी व्यवस्थापन
- निक्षेप सदस्य

Address : 6th Floor,CTC Mall, Sundhara, Kathmandu, Tel: 01-4262303, 4261251, 4259437,4251962
Fax: 977-01-4248890, Email: ccm@civilcapital.com.np, Website: civilcapitalmarket.com

च.नं.: ५६९ /२०७७/०७८
मितिः २०७७/०९/२८

**श्री नेपाल धितोपत्र बोर्ड,**
**जावलाखेल, ललितपुर ।**

विषय : **धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध बारे ।**

महाशय,

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा.नं ३, पानीपोखरी, महाराजगञ्ज, ठेगाना भएको बुद्धभुमि नेपाल हाईड्रोपावर लिमिटेड ले सर्वसाधारणका लागि निष्काशन तथा बिक्री आब्हान गर्न लागिएको रु.१००/-अंकित दरको ४,००,००० ( चार लाख ) कित्ता स्थानीय उद्योग प्रभावित का लागी तथा ८,००,००० (आठ लाख) कित्ता सर्वसाधारणका लागी शेयर निष्काशन तथा विक्री प्रबन्धकको रुपमा सेवा दिन यस संस्था मञ्जुर गर्दछ । शेयर जारी गर्ने क्रममा धितोपत्र कारोवार सँग सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछ ।

१. संगठित संस्थाको "विवरणपत्र" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्धत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र संग सम्बन्धित कानून अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धित बनेका नियम तथा प्रचलित धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणहरुलाई "विवरणपत्र" र दरखास्त फारम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली र निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो नियमावली तथा निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक रहेको छ ।

धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको तर्फबाट

**सिभिल क्यापिटल मार्केट लिमिटेड**

**नाम** : झनकराज ढुङ्गेल
**पद** : प्रमुख कार्यकारी अधिकृत
**सही** :

**कार्यालयको छाप** :

Estd. 2008
Civil Capital Market Ltd.

*A Subsidiary of Civil Bank Limited*

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

TP ADHIKARI
& ASSOCIATES
Chartered Accountants

UDIN: 201228CA00572CwISR

To Securities Board of Nepal
Jwalakhel, Lalitpur

We have examined the accompanying projected balance sheet, statements of income and expenditures, and cash flow statement of M/s Buddha Bhumi Nepal Hydro Power Company Limited as of Ashad end 2077 and as on each financial year end up to as of Ashad end, 2087 and for the year then ending respectively in accordance with Standard on Assurance Engagements (SAE) 3400. Buddha Bhumi Nepal Hydro Power Company Limited's management is responsible for the projection, which was prepared for "the purpose of approval from the board for issuance of Initial Public Offering". Our responsibility is to express an opinion on the projection based on our examination.

Our examination was conducted in accordance with attestation standards established by the Institute of Chartered Accountants of Nepal and, accordingly, included such procedures, as we considered necessary to evaluate both the assumptions used by management and the preparation and presentation of the projection. We believe that our examination provides a reasonable basis for our opinion.

In our opinion, the accompanying projection is presented in conformity with guidelines for presentation of a projection established by the Institute of Chartered Accountants of Nepal, and the underlying assumptions provide a reasonable basis for management's projection "assuming the granting of the public offering for the purpose of managing its term loan. However, even if "the approval for initial public offering" is granted and the business is operated in its capacity, there will usually be differences between the projected and actual results, because events and circumstances frequently do not occur as expected, and those differences may be material. We have no responsibility to update this report for events and circumstances occurring after the date of this report.

The accompanying projection and this report are intended solely for the information and use of M/s Buddha Bhumi Nepal Hydro Power Company Limited and Securities Board of Nepal and is not intended to be and should not be used by anyone other than these specified parties.

For and On Behalf of
TP Adhikari & Associates
Chartered Accountants

Thakur Prasad Adhikari
Managing Partner
Place: Kathmandu
Dated: December 28, 2020

TP Adhikari & Associates Chartered Accountants Kathmandu

2nd Floor, 732/60, Tanka Prasad Ghumti Sadak
Anamnagar, Kathmandu-29, Nepal | G.P.O. 10915
+977-1-5706917, 5706816 | +977-1-4247917
Email: info@tpadhikari.com | www.tpadhikari.com